# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०१।३१ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानी तथा गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८१।०१।३१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगकोमागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु सरिता राउत समेत (वि.अ. को मु.नं. ०७८-CR-००४४), वि.अ. को फैसला मिति २०८०।०५।२५) | सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको। | प्रतिवादीहरु उपर बिगो रु.५३,०१,८५६।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरमा ३ को उपदफा (१) बमोजिम सजाय हुन तथा बिगो रकम समेत असुल उपर हुन। | **फैसलाः**<br>आरोप मागदावीबाट सफाई ।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>• प्रस्तुत मुद्दामा दावीको कसुरमा प्रतिवादीहरुको संलग्नता रहेको भनी पुष्टि हुने निर्विवाद आधारहरु वादी पक्षबाट पेस हुन नसकेको। वदनियतपूर्वक हिनामिना गरेको भन्ने आरोप दावी लिएको प्रस्तुत मुद्दामा पनि माथि विवेचना भए बमोजिम प्रतिवादीहरुको वदनियत र लापरवाही भएको भन्ने वादी पक्षले बस्तुनिष्ट प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिदा सो तर्फको आरोप दावी पुग्ने सक्ने नदेखिएको।<br>• प्रतिवादीको लापरवाही र बदनियत पुष्टि नभएको अवस्थामा निजले पेस्की लिएको वा निज जिम्माको रकम निजबाट कानुनबमोजिम असुलउपर हुनसक्ने नै देखिँदा निजले उक्त रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्न नमिल्ने। | • प्रतिवादीहरु सरिता राउत, रामकुमार गिरी र निलप्रसाद मिश्रको संलग्नता बिना उक्त कार्य हुन असम्भव रहेको। रकम राखिएको दराजको चाबी प्रतिवादीहरु सरिता राउत, रामकुमार गिरीसँग रहेको तथा रकम रहेको कोठाको ठोकाको चाबी प्रतिवादी निलप्रसाद मिश्रसँग रहेको तथ्य पुष्टि भएको,<br>• सम्मानित सर्वोच्च अदालतबाट सार्जन पाण्डे समेत विरूद्ध नेपाल सरकार भएको मुद्दा, सर्वोच्च अदालत बुलेटिन, २०६६ मंसिर १, पूर्णाङ्क ४१७, पृष्ठ १९ र २० मा **"सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ । By conduct अर्थात् कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ"** भनि सिद्धान्त प्रतिपादन भएकोमा प्रस्तुत मुद्दामा समेत प्रतिवादीहरू सरिता राउत, रामकुमार गिरी र निलप्रसाद मिश्रको कार्यतत्वबाट नै बदनियत तत्व वा मनसाय तत्व हेरिनुपर्नेमा त्यसो भए गरेको नदेखिएको,<br>• प्रस्तुत वारदातमा समयमा पेश्की फरफारक गरेको अवस्था पनि नरहेको र निजहरुबाट पेश्की रकम असुल उपर गरिएको अवस्था समेत विद्यमान नभएको। आरोपपत्र दायर भएको लामो समयसम्म समेत पेश्की फरफारक सम्बन्धमा कुनै क्रियाशिलता नदेखाएको, निज प्रतिवादीले मिति २०७७/१२/१४ देखिको रकम हिनामिना गरेको सन्दर्भमा प्रतिवादीले हाल सम्म त्यता तर्फ कुनै पहल नै नगरेको र कही कतैबाट कारवाही भएको वा पेश्की फछ्यौंट गराउने वा असुल उपर गराउने कार्य भएको नदेखिएको,<br>• पेश्की लिएर राखेको रकम हिनामिना हानी नोक्सानी गरेको भन्ने विषय हो। उक्त रकमवाट कुनै काम गरेको तर पेश्की फछ्यौंटसम्म नगरेको भन्ने विषय प्रस्तुत वारदातको विषय नभएको। यस आयोगबाट मुद्दाको लामो समयसम्म अनुसन्धान हुँदा र अदालतमा मुद्दा विचाराधिन हुँदा समेत सामाजिक सुरक्षा भत्ता वितरण गर्न लिएको रकम पेश्की फछ्यौंट गर्ने तर्फ कुनै पहल नभएको अवस्थामा अव प्रस्तुत वारदातको सन्दर्भमा प्रतिवादीहरुबाट पेश्की फछ्यौंट हुने अवस्था विद्यमान नदेखिएको। |
| २ | प्रतिवादीहरु नवराज सापकोटा समेत (वि.अ. को मु.नं. ०७८-CR-०१३४), वि.अ. को फैसला मिति २०८०।०५।१२) | गैरकानूनी लाभ हानी गरी भ्रष्टाचार गरेको। | प्रतिवादीहरु नवराज सापकोटा, किरण सागर भण्डारी उपर बिगो रु १४,३४,२८६।१४ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ र | **फैसलाः**<br>आरोपमागदावीवाट सफाई ।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>• अनुसन्धानको क्रममा विश्वासनीय रुपमा काम कारवाही भएको प्रमाण मिसिलमा रहे भएको नदेखिएको,<br>• अदालतले प्राविधिक प्रतिवेदनमा उल्लेख भएको व्यहोरालाई आफ्नो राय समर्पण गर्ने होइन, सो प्रमाणको विश्वासनियता प्रति पनि अत्यन्तै सजग | • नेपालको संविधान तथा संघीय कानुन बमोजिम भए गरेका सम्पूर्ण काम कारवाहिलाई विश्वसनीय रुपमा काम कारवाही भएको देखिँदैन भन्ने आधार ग्रहण गरिनु प्रतिवादीलाई आरोपित कसूरवाट सफाई दिने मनसायवाट भए गरेको देखिँदा प्रथम दृष्टिमा नै त्रुटिपूर्ण रहेको,<br>• प्रतिवेदकहरुले सम्मानित अदालत समक्ष समेत उपस्थित भई उक्त प्रतिवेदन तथा आरोप मागदावीको व्यहोरा प्रमाणित हुने गरी वकपत्रसमेत गरिदिएको अवस्थामा उक्त प्रतिवेदनलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणको रुपमा ग्रहण गरिनुपर्नेमा उक्त कानुनी व्यवस्थाको नजरअन्दाज गर्दै अदालतले प्राविधिक प्रतिवेदनमा उल्लेख भएको व्यहोरालाई आफ्नो राय समर्पण गर्ने होइन, सो प्रमाणको विश्वासनियता प्रति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ऐ.ऐनको १९(२) बमोजिम सजाय हुन तथा प्र.गणेश बहादुर वोगटी, दीपक कार्की, दली डुम्रे, पदम बहादुर खाती र डोल्मा कुमारी वोगटीको हकमा रु १४,३४,२८६।१४ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ बमोजिम सजाय हुन। | रही मूल्याङ्कन र परीक्षण गर्नु आवश्यक रहेको,<br>• केवल विवादस्पद प्रमाणको आधारमा आरोप लगाइएको देखिएको, विवादस्पद, विरोधाभाषपूर्ण अष्पस्ट प्रमाणको आधारमा मुद्दाको अनुसन्धान एवं अभियोजन गरिएको देखिएको र वादी पक्षबाट पेस भएका प्रमाणलाई समर्थन गर्न प्रमाणको अभाव रहेको अवस्थामा शंका रहित तवरवाट आरोप प्रमाणित हुन नआएको,<br>• अनुसन्धानको क्रममा तयार भएका कागज, बुझिएका व्यक्तिहरुले अदालतमा उपस्थित भई गरेको बकपत्र समेतबाट प्रतिवादीहरुको इन्कारी वयान पुष्टि भएको देखिनाले प्रतिवादीहरुले आरोपित कसूर गरेको देखिन नआएकोले निजहरु उपरको अभियोगदावी पुग्न नसक्ने। | पनि अत्यन्तै सजग रही मूल्याङ्कन र परीक्षण गर्नुपर्ने हुन्छ भन्ने आधार ग्रहण गरी गरेको उक्त फैसला प्रथम दृष्टिमा नै त्रुटिपूर्ण रहेको,<br>• प्रतिवादीहरुले आफुहरुले आरोपित कसूरवाट उन्मुक्ति पाउनकै लागि सबुद प्रमाणलाई कमजोर देखाउन उक्त प्रमाणको विश्वसनियतामा प्रश्न उठाउदैमा सम्मानित अदालतले समेत सोही व्यहोरालाई आधारको रुपमा ग्रहण गरिनु भ्रष्टाचारजन्य कार्यलाई प्रोत्साहन गरिनु वाहेक अन्यथा हुन नसक्ने,<br>• प्रतिवादीहरुको इन्कारी वयान सम्बन्धमा Common Law System अन्तर्गतको फौजदारी न्याय प्रक्रियामा पिडकलाई समेत Right to Silence को साथै Self Criminalization गर्न वाध्य नपारिने हक रहेको अवस्थामा प्रतिवादीहरु अदालतमा आफू माथिको आरोपमागदावीमा इन्कारी रहदैमा अन्य प्रमाणको रोहमा निर्णय नगरी निजहरुलाई सफाई प्रदान गर्ने कार्य त्रुटिपूर्ण रहेको,<br>• EarthworkCutting तर्फ रु ७,७२,७६८।०५, Stone Soling तर्फ रु. ५,२२,२८९।२०, Gabion Work तर्फ रु. १,३९,२२८।८९ गरी जम्मा रु. १४,३४,२८६।१४ रकम वरावरको कार्य फिल्डमा नभएको कार्यको भुक्तानी भएको भनि निज प्रतिवादीहरु उपर आरोपपत्र दर्ता गरिएको।उक्त कुरा स्थलगत प्रतिवेदनवाट देखिन आएको।स्थलगत प्रतिवेदन स्वयम प्रतिवादीहरु समेतको रोहवरमा तयार गर्नुका साथै प्रतिवेदकहरुले सम्मानित अदालत समक्ष समेत उपस्थित भई उक्त स्थलगत प्रतिवेदन तथा आरोपमागदावी पुष्टि हुने गरी वकपत्र समेत गरिदिएको। यस्तो अवस्थामा प्रमाण ऐन, २०३१ अनुसार मिसिल संलग्न रहेका प्रमाणहरुलाई ग्रहण गरी आरोपमागदावी बमोजिम कसूर ठहर गरिनुपर्नेमा सफाई हुने ठहर गरी भएको उक्त फैसला त्रुटिपूर्ण रहेको। |
| ३ | प्रतिवादीहरु ढाकाराम अर्याल समेत (वि.अ. को मु.नं. ०७८-CR-०११०), वि.अ. को फैसला मिति २०८०।०५।२४) | गैरकानूनी लाभ हानी गरी भ्रष्टाचार गरेको। | प्रतिवादीहरु ढाकाराम अर्याल, सुरेश पौडेल र रुपक घिमिरे उपर विगो रु ३६,४९,८९९।६३ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ र ऐ.ऐनको १९(२) बमोजिम सजाय हुन, प्र.सत्येन्द्र यादवको हकमा रु ३६,४९,८९९।६३ | **<u>फैसलाः</u>**<br>प्र.सन्येन्द्र यादवलाई सफाई तथा अन्य प्रतिवादीलाई आंशिक विगो कायम गरी कसुर ठहर ।<br>**<u>विशेष अदालतले फैसला गर्दा लिएका आधारः</u>**<br>• विभिन्न प्रतिवेदनको व्यहोरा बमोजिम दायर हुन आएको आरोपदावी प्रतिवादीहरुले अनुसन्धानको क्रममा र अदालतमा गरेको वयान समेतका वस्तुनिष्ठ, विश्वसनीय, खाम्विर प्रमाणहरुवाट शंकारहित तवरले पुष्टि गरेको,<br>• अनुसन्धानको क्रममा र पुर्पक्षको क्रममा अदालतमा खडा भएका प्रमाणहरुबाट आरोपदावी पुष्टि भइरहेको अवस्थामा प्रतिवादीहरुको अदालत समक्षको इन्कारी वयान एवं निजहरु तर्फवाट उपस्थित विद्धान कानुन व्यवसायीहरुको वहसलाई आधार मानी आरोपित कसूरवाट उन्मुक्ति दिन | • प्र.सन्येन्द्र यादवले अन्य प्रतिवादीहरु ढाकाराम अर्याल, सुरेश पौडेल र रुपक घिमिरेसँगको मिलेमतोमा उक्त कार्य गरेको मिसिल संलग्न कागजातहरुवाट पुष्टि भएको देखिन आएको। निज प्रतिवादी आर्थिक प्रशासन/लेखा शाखाको जिम्मेवार कर्मचारी रहेकोमा कुनै विवाद नरहेको। त्यस्तो जिम्मेवार कर्मचारीको अन्य प्रतिवादीहरुसँग मिलेमतो रहदैनथ्यो भने अन्य प्रतिवादीहरुलाई समेत उक्त कार्य गर्न कठिनाइ हुने देखिएको। मानिसबाट कार्य गराउने गरी भएको सम्झौतामा मेशिन वापतको विल संलग्न भई भुक्तानीको लागि आएको अवस्थामा सामान्य कर्मचारीले समेत प्रश्न उठान गर्न सक्ने अवस्थामा मलाई थाँहा हुदैन प्राविधिकलाई जानकारी हुने विषय हो भनी इन्कार रहनु कसूरवाट उन्मुक्ति खोजेको बाहेक अन्यथा नदेखिएको,<br>• कानुनी व्यवस्था विपरित माननिय न्यायाधीशज्यूहरुले स्वविवेकिय रुपमा जरिवाना तोक्न सक्ने अवस्था नरहेकोमा प्रतिवादीहरु ढाकाराम अर्याल, सुरेश पौडेल र रुपक घिमिरेलाई ऐ.ऐनको दफा ८(१) बमोजिम कसूरको मात्रा अनुसार जनही ३ (तीन) महिना कैद र रु.१०,०००।– जरिवाना भई विगो असुल उपर हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको,<br>• उपभोक्ता समितिवाट हिनामिना भएको भनिएको बिगो एकत हिनामिना भएको बिगो रकम भन्दा न्यून रकम मात्र हिनामिना भएको भनि बिगो कायम गरिएको।उपभोक्ता समितिले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम सजाय हुन तथा प्र.हरु देवेन्द्र शाक्य र अनुषा लामाको हकमा रु ३६,४९,८९९।६३ विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय हुन । | सकिने अवस्था रहेको,<br>• प्रतिवादी मध्येका सत्येनद्र यादवको हकमा प्रतिवादी उपरको आरोपदावी प्रमाणित गर्ने भार वादी पक्षमा आफूले लगाएको अभियोग दावीलाई स्वतन्त्र, भरपर्दो, विश्वसनिय, वस्तुनिष्ठ प्रमाणहरु पेश गरी पुष्टि गर्न सकेको नदेखिदा यी प्रतिवादी उपरको आरोपदावी सत्य तथ्यमा आधारित रहेछ भन्ने नदेखिएको। | रु.३०,३६७१५।०० भुक्तानी लिएकोमा उक्त रकम सामाजिक सुरक्षाकर वापतको रकम कट्टा गरी समितिलाई भुक्तानी दिएको रकम भएको हुँदा सामाजिक सुरक्षा वापतको रकम घटाई कम विगो कायम गर्न नहुने अवस्था विद्यमान रहेको,<br>• मालसामान उपलव्ध गराउने व्यक्ति वा निकायलाई सोझै भुक्तानि दिएको रकम तथा उपभोक्ता समितिले भुक्तानी लिएको रकम गरी दुवै किसिमका रकमहरु कर्मचारी तथा उपभोक्ता समितिका पदाधिकारीहरुले एक आपसमा मिलेमतो गरी हिनामिना भएको हुँदा दुवै पक्षलाई जिम्मेवार बनाउनु पर्नेमा विगो विभाजन गरी कम विगो कायम गरेको कार्य त्रुटिपूर्ण रहेको। जसको कारण आरोपमागदावी बमोजिम नै बिगो कायम गरिनुपर्नेमा कम विगो कायम भएको हुँदा उक्त कार्य त्रुटिपूर्ण रहेकोले सो हदसम्म फैसला बदरभागी रहेको। |